कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष ३ अंक १०४ ने. सं. ११३३ दिल्लागा नवमी बुधवाः २०७० साउन १६ गते बुधवार (Jul -31 2013) मुल्य : ५/- (न्यातका)

## कीर्तिपुर अस्पतालको सन्दर्भमा

# 'मिनि गोलमेच सम्मेलन'



***कीर्तिपुर सन्देश***

कीर्तिपुर अस्पतालको सन्दर्भमा सर्वपक्षिय बैठक बस्ने भएको छ। कीर्तिपुर अस्पतालको व्यवस्थापन सुदृढ गर्न, कमि कमजारीलाई सुधार गर्न सो बैठक साउन १६ गते बस्ने भएको छ। सर्वपक्षिय रुपमा हुने सो बैठकलाई स्थानीयवासीले कीर्तिपुर अस्पतालको सन्दर्भमा 'मिनि गोलमेच सम्मेलन' भनी व्याख्या गर्न थालेका छन्।

कीर्तिपुरवासीले नै दिएको जग्गामा रहेको कीर्तिपुर नगरपालिका वडा नं. २ देवढोका स्थित फेक्ट नेपालले संचालन गर्दै आएको कीर्तिपुर अस्पताले कीर्तिपुर वासीलाई विशेष सहुलिय दिनुपर्ने र कीर्तिपुर अस्पताल संचालनमा समेत कीर्तिपुर वासीको प्रतिनिधित्व हुनुपर्ने माग गर्दै आएका छन्।

यसै बीच गत साउन ११ गते शुक्रवार फेक्ट नेपालद्वारा सञ्चालित कीर्तिपुर अस्पतालमा स्थानीयवासीले नारा जुलुससहित घेराउ कार्यक्रम गरे। विहान ७ बजे अस्पतालका जिम्मेवार पदाधिकारीहरू वार्ता गर्न आउने भनिए तापनि ९ बजेसम्म कोही नआएपछि आक्रोशित स्थानीयवासीले अस्पताल तोडफोड समेत गरेको थियो।

सो अस्पतालमा स्थानीय राकेश महर्जन र सीता महर्जनका पाँच महिनाका छोरीलाई साउन ४ गते उपचारार्थ लगिएको र सामान्य भनी औषढी दिई पठाएको थियो। त्यसपछि ८ गते मैत्री वाल आस्पताल महाराजगञ्जमा लगेको र सो अस्पतालमा उपचारको क्रममा अन्तिम समयमा ल्याइएको भनी चिकित्सकहरुले वताउदै अपरेशन गरेको थियो।

सोहि क्रममा महर्जनका छोरीको निधन भएको थियो। कीर्तिपुर अस्पतालले वेवास्ता गरेको भनी आरोप लगाउदै स्थानीयवासीले अस्पतालसंग वार्ता गर्न खोजेको र समयमै नआएको कारणले आक्रोशित स्थानीयवासीले तोडफोड गरेको थियो। त्यसपछि भएको वार्तामा मृतकका पिता राकेश महर्जनलाई मानवीय सम्वेदना राख्दै अस्पतालको तर्फवाट रु १ लाख ५० हजार दिने, कीर्तिपुर अस्पतालको व्यवस्थापन सुदृढ गर्न भएका कमि कमजोरीलाई सुधार गर्न कीर्तिपुर अस्पताल र कीर्तिपुरका राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, नगरपालिकाका प्रतिनिधि र नागरिक समाजको उपस्थितिमा साउन १६ गते बैठक बस्ने र हिसिला महर्जनको विषयमा पनि छलफल गर्ने साथै सो घटनाको विषयमा छानविन समिति गठन गर्ने समेत निर्णय गरेको थियो।

## कीर्तिपुरमा पनि चुनाव बहिस्कारको तयारी

***कीर्तिपुर सन्देश***

मोहन वैद्यको नेतृत्वमा रहेको नेकपा–माओवादीले मंसिर ४ गतेको संविधानसभाको दोस्रो निर्वाचन बहिस्कार गर्ने क्रममा कीर्तिपुर मा पनि अभियान संचालन गर्ने भएको छ। हिजो मंगलवार सो पार्टीको बहिस्कार अभियान संचालनका लागि विशेष प्रशिक्षण कार्यक्रम गरेको थियो।

आज बुधवारदेखि नै बहिस्कार अभियान संचालन गर्ने रणनीति नेकपा–माओवादी पार्टीले तयारी गरेको थाहा भएको छ। बहिस्कार अभियान संचालनका लागि सो पार्टीका केन्द्रीय सदस्य पाँगा निवासी धनबहादुर महर्जनले कीर्तिपुर क्षेत्रमा नेतृत्व गर्नुहुने थाहा भएको छ। चुनाव बहिस्कार अभियानको क्रममा पोस्टरिङ, वाल पेन्टिङ, पर्चा वितरण र घरदैलो कार्यक्रम समेत गर्ने बताइएको छ।

सो पार्टीले यथास्थितिमा कुनै पनि हालतमा चुनाव गर्न नदिने बताउदै आएको छ।

यहाँ जाँड-रक्सी, चुरोट, गाँजा तथा ड्रगसको कुलत छुटाउने विशुद्ध जडिबुटी पाईन्छ। सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

# घर/फ्लाट भाडामा चाहियो

यस मोबिल्याण्ड ग्रुप अफ कम्पनीज्को लागि निम्न सुबिधाहरू भएको घर अथवा फल्याट भाडामा चाहिएको हुनाले के कति सर्त, के कति दर र के कति समयका लागि दिन सक्ने उल्लेख गरि रित पुर्वक निवेदन दिनहुन अनुरोध गरिन्छ।

१. चाहिने स्पेश ( फल्याट भएमा १५००(२००० स्क्वायर फुट

२. घर भएमा कम्तिमा १२ह्१२ का कोठाहरू १० वटा वा सो भन्दा बढी हुनु पर्ने, १ वटा हल, १ वटा किचेन, २ वटा ट्वाईलेट आदि हुनुपर्ने

३. पार्किङ्ग सुबिधा हुनुपर्ने।

४. कीर्तिपुर रिङ्गरोड वा त्यसको १०० मिटरको दुरीमा हुनुपर्ने।

मोविल्याण्ड ग्रुप अफ कम्पनीज्

नयाँबजार, कीर्तिपुर–३, फोन ४३३६७७६, ४३३२०५७

# कोरियन भाषाकक्षाहरु

धमाधम सञ्चालन

प्रशिक्षकहरुः

दक्ष, अनुभवी, वरिष्ठ र अनुवादक

विगतवर्षहरुका विद्यार्थीहरुले १००% नतिजा ल्याउन सफल

*Our Services:*

- All students are given a copy of the *New Korean Course Book* and *Self Study Book* and *CDs* Listening practice
- The courses provide guidance and practice in all aspects of Korean Learning [Speaking, listening, reading, writing]
- The course focuses on the exam techniques required to succeed at EPS-TOPIK or class time is mostly devoted to speaking and communication practice and reading and writing tasks are set as homework
- Self study tests are available at Valley Institute, Kirtipur & Bagbazar & Power Point facilities [Projector Classes]
- After course Complete, there is Bonus classes or Revision classes with Exam Tips

**VALLEY INSTITUTE**

Time: Morning, Day & Evening

Ph: 01-4332509/9849421216

Near Kirtipur New Gate

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक/प्रबन्ध सम्पादक
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रबन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# बौद्धमार्गीहरुको आन्दोलन र सम्वोधन

**सुर्खेतका कांक्रे विहारमा बुद्धको प्रतिमा पुनःस्थापना गर्नुपर्ने माग गर्दै नेपालका बौद्धमार्गी र आदिवासी जनजातिहरु आन्दोलनमा लागेका छन् । आन्दोलनको दोस्रो चरणको कार्यक्रम सम्पन्न गरिसकेको अवस्था छ ।**

**नेपालको बौद्ध धर्मको इतिहासमा संभवतः बौद्ध धर्मलाई नै लिएर सडक आन्दोलनमा उत्रेको यो पहिलो घटना नै होला । गौतम बुद्धको मुलुक भनी चिनिएको मुलुकमा नै बुद्धको प्रतिमा स्थापना गर्न नदिएको धार्मिक रुपमा राज्यले विभेद गरेको भनी बौद्धमार्गीहरु आन्दोलमा उत्रेका हुन् । नेपाल जस्तो देशमा नै बुद्धको प्रतिमाको सवालमा आन्दोलन भइरहेको वर्तमान अवस्थामा राज्यले सो विषयलाई लिएर तत्कालै वार्ताको माध्यमवाट समाधान गर्नु पर्दछ ।**

**अन्यथा विश्वभरी नै नराम्रो सन्देश जाने कुरा राज्यले बुझ्नु पर्दछ । अतः आर्को चारणको आन्दोलन घोषणा हुनु भन्दा अघि नै वार्ताको माध्यमवाट निकास दिनु पर्दछ ।**

**स्वयं भिक्षु, गुरुमां, अनागारिकादेखि आदिवासी जनजातिहरुले नेतृत्व गरेको सो आन्दोलनको विषयमा वार्ताको माध्यमवाट समस्या समाधन गर्न नसके भोलीका दिनमा धार्मीक रुपमा पनि असहज परिस्थिति नआउला भन्न सकिन्न।**

# दुई शब्द मिठो भाषणको भरमा



राम महर्जन
कीनपा–१६, नगाउँ

एकदिन चुनाव अवश्य हुन्छ
चाहे मंसिर चाहे बैशाख
त्यसबेला जनताको भोट पाउन
गाउँ शहर आउँछन् नेताहरू ॥१॥
जनताको महत्व त्यसबेला हुन्छ
जुनबेला भोटको आवश्यक पछ
आज त हामी उनीहरूको सामु
मुसो हो कि छुचुन्द्रो हो ॥२॥
त्यसैले हामी जनताहरू पनि
छरिएर होइन मिलेर बसौं
सच्चा झुट्ठा चिनेर मात्र
अमुल्य भोट दिने गरौं ॥३॥
होइन भने यस्तै प्रवृत्तिले
ललाई फकाई चकलेट चखाई
हामीलाई नै शोषण गरी
[redacted] सिध्याई ॥४॥
[redacted] झैं
[redacted] गरौं
[redacted]को भरमा
[redacted] नबनौं हामी ॥५॥
[redacted]दैछ अहिले
[redacted]र मात्र
[redacted] दिने गरौं
[redacted]उन पर्ला ॥६॥

# एउटा गुमेको देश सिक्किमको कथा

## सिक्किमको विगत र नेपालको भविष्य

**–इन्द्रजीत मुखिया–**

चोग्यालकी अमेरिकी श्रीमती होप कुकको अमेरिकासँग निकट सम्बन्ध थियो, जसले एक सम्प्रभु र स्वतन्त्र देशकी रानीको दाबीलाई समर्थन गर्दै आएको थियो । प्रशासनलाई पुनः सामान्य अवस्थामा ल्याउन र सबै कार्यालयहरूलाई चुस्त बनाउन मलाई खासै समय लागेन । प्रहरीहरू ड्युटीमा फर्के । चोग्याल निर्वाचन गराउन राजी भए पनि एक व्यक्ति एक मतको कुरामा भने मैले उनलाई मनाउन सकिनँ । भारतीय प्रतिनिधिका रूपमा राजनीतिक अधिकारी र उनको प्रमुख कार्यकारीका हिसाबले हामीले बदलिएको यो समयमा सम्झौतामा आउन उनलाई सुझायौं । अन्ततः ८ मे १९७३ मा चोग्याल र काजी लेन्डुप दोर्जीबीच सम्झौता भयो । चोग्यालको वंश जारी राख्ने र अन्य सबै जातिलाई न्याय दिने भारतले सुनिश्चितता दियो । मैले काम थालेको एक महिनामा भएको यो सम्झौताले चोग्यालको भाग्य निर्धारण गऱ्यो ।

बरिष्ठ आई ए एस अधिकारी आए एन सेन गुप्तालाई निर्वाचन आयुक्त बनाइयो । उनी र मेरा तीन जना डेपुटीहरू के एम लाल, डी मानवलन र जे एन सन्याल बसेर मतदाता सूची संशोधन गरे र निर्वाचनको मिति घोषणा भयो । कर्मचारीतन्त्रको शीर्षतहका अधिकांश चोग्यालका बफादार मानिस हुन् भन्ने थाहा पाएर पनि मैले तिनलाई नचलाउने निर्णय गरें । दरबारका मुख्य सबै खेलाडीलाई हटाउन दिल्लीको ठूलो दबाब थियो । मैले यो मुद्दालाई खासै ठूलो रूपमा लिइनँ र केवललाई आश्वस्त बनाए कि ती सबैलाई म सफलतापूर्वक सम्हाल्न सक्छु । सिक्किमेलीको मनोविज्ञान बुझेकोले मैले त्यसो भन्न सकेको थिएँ । मैले चोग्यालका सुरक्षा प्रमुख कर्मा तोप्देनलाई समेत जोगाइदिएँ र उनलाई कोलकाताको सिक्किम टेरडिड कर्पोरेसनमा पठाइ दिएँ । पछि उनी मंगोलियाका लागि भारतीय राजदूतसम्म भए ।

८ मेको सम्झौता लागू भएपछि र धेरै कुराहरू व्यवस्थित गर्न थालेपछि अन्तर्राष्ट्रिय आलोचना मत्थर भएर गयो । रानी भएर बस्ने महत्वाकांक्षा पालेकी होप कुकरले पनि महसुस गरिन् कि उनी चोग्यालकी श्रीमतीभन्दा बढी केही थिइनन् । उनले सिक्किम छोड्ने निर्णय गरिन् । चोग्यालले यस्तो कठिन समयमा उनको साथ आवश्यक भएको भन्दै उनलाई मनाउन खोजे, तर उनले मानिन् । १४ अगस्त १९७३ मा उनी गइन् । उनका अन्तिम शब्दहरू थिए, 'मिस्टर दास, कृपया मेरो श्रीमानको हेर विचार गरिदिनुहोला । निर्वाह गर्न मसँग अब कुनै भूमिका छैन ।'

होप कुक धेरैका लागि एउटा पहेली थिइन् । केही उनलाई सी आई ए एजेन्ट भन्थे । सत्य के थियो कसैलाई थाहा थिएन ।

होप कुक धेरैका लागि एउटा पहेली थिइन् । केही उनलाई सी आई ए एजेन्ट भन्थे । सत्य के थियो कसैलाई थाहा थिएन । तर चोग्यालको भारत विरोधी छवि निर्माण गर्नमा उनी प्रमुख थिइन् । उनले स्कुलका पाठ्यपुस्तक परिवर्तन गरी कथा र कार्टुनका माध्यमबाट भारत विरोधी रूप देखाइन् । केही ब्युरोक्याट्स र युवाहरूलाई संगठित गरिन् । तिनले विदेशबाट आउनेहरूलाई सम्पर्क गर्थे र सिक्किम स्वतन्त्र देश हो र भारतले यसको परिचय समाप्त पारिरहेको छ भनेर प्रचार गर्थे । उनी विदेशीहरूसँग भारतको मजाक उडाउँथिन् । उनी भारत विरोधी तत्वहरूको सम्पर्कमा थिइन् भनेर आशंका गरिएको थियो । नरम मिजासकी शाही दुलही र रिसका बेला जसलाई जे पनि भन्न सक्ने उनको दुईटा रूप थिए । चोग्यालको धेरै पिउने बानीले उनलाई क्रुद्ध बनाउँथ्यो र ती दुईको झगडा परिवार र नजिकका साथीभाइका लागि नौलो थिएन । तर भारतले सिक्किम माथि हस्तक्षेप गरेर लिएपछि उनले लढाई हारेको अनुभव गरिन् र बुद्धिमतापूर्वक सिक्किम छाडिन् ।

एक व्यक्ति एक मतको सिद्धान्तमा आधारित भएर ताजा निर्वाचनको तयारी सुरु भयो । यही कुरालाई ध्यानमा राखेर मतदाता नामावली फाइनल भयो । चुनावअघि चोग्याल दक्षिण सिक्किमको भ्रमणमा जान चाहेका थिए जहाँ नेपाली मूलका बासिन्दाको बाहुल्य थियो । त्यो क्षेत्रको वातावरण उनका लागि बडो प्रतिकुल थियो र मैले उनलाई यस्तो भ्रमणमा नजान सुझाएको थिएँ । तर उनले मानेनन् । उनले मलाई पनि सँगै लैजान चाहे । उनी देखाउन चाहन्थे कि शासक उनी हुन् र म दिल्लीको प्रतीक हुँ, उनको प्रमुख कार्यकारी, जो उनको अधीनमा छ ।

गुम्बाहरूको प्रमुखसमेत भएका नाताले उनले त्यो क्षेत्रका गुम्बाहरूबाट भ्रमण सुरु गरे । पहिलेका भ्रमणहरूमा लामाहरू सडकमा उनको स्वागतार्थ लाइन लागेर उभिएका हुन्थे । यस पटक ती अनुपस्थित थिए । छुट्टै पूजाको समारोह आयोजना गर्दा उनले थाहा पाए कि गुम्बामै उनले पकड गुमाइसकेका छन् । यो ठूलो झट्का थियो । तर यसभन्दा पनि खराब त अझै हुन बाँकी थियो । उनले आफू विरुद्ध अपमानजनक नाराहरू सुने, आफ्ना तस्बिरमा जुत्ताका माला लगाइदिएको देखे र भीडले आफूलाई धम्क्याएको सुने । एउटा शासकका रूपमा उनले आफ्नो चमक गुमाएका थिए । उनका आँखामा आँसु भरियो । मेरो हात समातेर उनले भने, 'आफ्ना जनताका लागि मैले धेरै गरें र अहिले यसरी मेरो अपमान गर्दैछ छ । किन ?'

मसँग जवाफ थिएन । कुल जनसंख्याको जम्मा १४ प्रतिशत भुटियाहरू थिए । तर कृत्रिम तरिकाले बनाइएको समानुपातिक प्रतिनिधित्वको आडमा शक्तिको दुरुपयोग भएको थियो । म आफैले गहिरो दुःख अनुभव गरें । शान्ति र कल्पनातीत सुन्दरताले भरिपूर्ण एउटा सानो हिमाली अधिराज्य षडयन्त्र र शोषणको केन्द्र बनेको थियो ।

कुनै पनि हिंसा अथवा समस्याबिना निर्वाचन सम्पन्न भयो । चोग्यालले समर्थन गरेको नेसनलिस्ट पार्टीले ३२ मध्ये जम्मा एक सिट जित्यो । यो पार्टीमा अधिकांश भुटियाहरूमात्र थिए । नवगठित संसदका सदस्यलाई शपथग्रहणका लागि भनियो । उनीहरूले चोग्यालको नाममा शपथ खान अस्वीकार गरे । त्यसैले चोग्यालका ठाउँमा 'भगवान'को नाम राखियो । त्यसपछि उनीहरूल चोग्यालले संसदमा सम्बोधन गर्ने चलनलाई पनि मानेनन् । धेरै मनाएपछि उनीहरू चोग्यालको उद्घाटन भाषण मलाई पढ्न दिन राजी भए । त्यो भाषणमा चोग्यालले सिक्किमको अलग राजनीतिक र सांस्कृतिक परिचयको व्याख्या गरेका थिए । ८ मेको सम्झौताका आधारमा बनेको नयाँ संविधान अनुसार मैले सभामुखको नाताले संसदको अध्यक्षतामात्र गर्नु परेको थिएन, सिक्किमको मन्त्रिपरिषदको अध्यक्षता पनि मैले नै गर्नु परेको थियो । त्यो परिषदको नेतृत्व काजी लेन्डुप दोर्जीले गरेका थिए, तर नयाँ व्यवस्थाअनुसार मुख्यमन्त्री पदको व्यवस्था गरिएको थिएन । त्यसो हुनाले मुख्यमन्त्रीको भूमिकामा पनि म नै थिएँ ।

नयाँ व्यवस्थाका निम्ति मस्यौदा गरिएको अन्तरिम संविधान एकदमै विरोधाभासपूर्ण थियो । म मन्त्रिपरिषदको अध्यक्ष थिएँ, सभामुख थिएँ र कार्यकारी प्रमुखसमेत थिएँ । मैले चाहेमा सभासदलाई फिर्ता बोलाउन पनि सक्थें । चाँडै सिक्किम कांग्रेसका केही नेताहरूले नव निर्वाचित राष्ट्रिय संसदका लागि मुख्यमन्त्री र सभामुखको पद चाहियो भनेर कानेखुसी गर्न थाले । चोग्याल समर्थक भन्न थालेका थिए कि प्रधानमन्त्रीको पद नराखे सिक्किमको अलग पहिचान हराउँछ । चोग्याल विरोधी आन्दोलन सुरु हुनुअघि चोग्यालले शिडलोन (प्रधानमन्त्रीजस्तै) नियुक्त गरेका थिए । वरिष्ठ आईएफएस अधिकारी आईएस चोपडाले यो पद लिएका थिए तर उनी अन्तिमसम्म बस्न सकेनन् । दिल्लीले पनि उनलाई शिडलोनका रूपमा मान्यता दिन अस्वीकार गऱ्यो । पहिलो चरणमा हारेकाले चोग्यालले नयाँ सरकारमा शक्ति र पद चाहनेहरूलाई भड्काउन सक्थे । यता मलाई पनि काजी लेन्डुप दोर्जीको प्रमुख भएर मन्त्रिपरिषद अध्यक्ष बन्न अप्ठ्यारो लागिरहेथ्यो । सरकार का वास्तविक नेता दोर्जी थिए ।

त्यतिबेलै काजी लेन्डुप दोर्जीले भारतसँग सन् १९४७ देखि मागिएको 'घनिष्ठ राजनीतिक र आर्थिक गठजोड' बिना अहिले उनको पार्टीले प्राप्त गरेको उपलब्धि गुमाउन सकिन्छ भन्ने महसुस गरे । काजी आशंकित थिए र साँच्चै सही पनि थिए । चोग्याल र नेसनलिस्ट पार्टीले सिक्किमको शासनमा साँच्चिकै कठिन समस्याहरू सिर्जना गरे । त्यसपछि काजी र उनका बरिष्ठ अधिकारीहरूले भारतसँग गठजोडका लागि प्रस्ताव गरे । त्यसमा भारतीय राज्यले पाउने अधिकार र सेवा पाउनुपर्ने उल्लेख थियो । भारत सरकारले सन् १९४७ मा भएको गल्ती सुधार्दै यो लिखित अनुरोधलाई स्वीकार गऱ्यो । भारतलाई यस्तो प्रस्ताव गर्नुअघि संसदबाट संकल्प पास गर्नुपर्ने प्रावधान राखिएको थियो । यो संकल्प सिक्किम एकीकरणको दिशामा इन्दिरा गान्धीको संकल्पको एक कदम थियो । क्रमशः

# १७ औं हर्ष-रत्न पुरस्कार तथा १३ औं मण्डला सिरपा वितरण



कीर्तिपुर क्षेत्रका सबभन्दा जेठो विद्यालय जनसेवा उच्च मा.वि.को संयोजकत्वमा २०५३ सालमा माधव लाल महर्जनको सक्रिय नेतृत्वमा हर्ष र रत्न पुरस्कार स्थापना भएको हो ।

हर्ष पुरस्कार – हर्ष पुरस्कार माधवलाल महर्जनले आफ्नो हजुर बुवा समाजसेवी स्व. हर्ष वहादुर महर्जनको नाममा स्थापना गर्नु भएको हो । यस पुरस्कारको नगद राशी रु. पाँच हजार रहेको छ । यो पुरस्कार कीर्तिपुर नगरपालिका भित्रका सामुदायिक विद्यालयहरू मा अध्ययन गरी एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने एक जना स्थानीय छात्र र छात्रालाई जनही रु.२५००/का दरले प्रदान गरिन्छ ।

रत्न पुरस्कार – रत्न पुस्तक भण्डारका संस्थापक स्व.पिता रत्न प्रसाद श्रेष्ठको सम्भनामा उहाँका छोरा गोविन्द प्रसाद श्रेष्ठले स्थापना गर्नु भएको हो ।

यस पुरस्कारको राशी रु. पाँच रहेको छ । कीर्तिपुर नगर पालिका भित्रका निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये प्रवेशिका परीक्षामा सवोत्कृष्ट अंक ल्याउने स्थानीय एक छात्र र एक छात्रालाई जनही रु.२५००/ प्रदान गरिन्छ । मण्डला सिरपा: २०००– जनसेवा उच्च मा.वि.व्यवस्थापन समितिका अध्यक्ष तथा मण्डला बूक प्वाइन्टका प्रमुख माधव लाल महर्जनले १३ वर्ष पहिले स्थापना गर्नु भएको थियो ।

यो पुरस्कार की.न.पा. भित्रका निजी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू स्थानीय नभएता पनि प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने सामुदायिक विद्यालयका तर्फबाट एक जना र निजी विद्यालयहरू बाट सर्वोत्कृष्ट अंक ल्याउने एक जना विद्यार्थीलाई पुरस्कार दिने व्यवस्था छ ।

गत साउन १२ गते शनिवार पाँगा पार्टी भेन्यूको हलमा एक कार्यक्रम गरी उक्त पुरस्कारहरू वितरण गरिएको थियो । पुरस्कार वितरण समारोहका संयोजक एवं जनसेवा उच्च मा.वि.का प्राचार्य नन्दकुमारी महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि संस्कृतिविद तेजेश्वर बाबु ग्वंग:ले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो । स्वागत मन्तव्य माधवलाल महर्जनले दिनु भएको थियो ।

सामुदायिक विद्यालयतर्फको उत्कृष्टलाई दिइने हर्ष पुरस्कार छात्र तर्फ प्रमेश महर्जन-आदिनाथ मा.वि ८३.३८ र छात्रा तर्फ सपना श्रेष्ठ-मङ्गल उच्च मा.वि. ८४.५० प्रतिशतलाई प्रदान गरि एको थियो । त्यस्तै निजी विद्यालयतर्फको उत्कृष्टलाई दिइने हर्ष पुरस्कार गीता बास्कोटा -पुष्प सदन आ.मा.वि ९१.५० र पाँगा मा.वि.का उज्ज्वल प्रकाश खनाल ९१.५० प्रतिशलाई प्रदान गरि एको थियो ।

मण्डला सिरपा: २००० सामुदायिक विद्यालयका तर्फबाट मङ्गल उच्च मा.वि.का श्याम तामाङ्ग ८५.६२ प्रतिशत र निजी विद्यालयको तर्फबाट लेबोरेटरी स्कुलका रोशन अर्याल र पुष्पसदन आ.मा.वि. का विशाल पोखरेलले समान अंक ९२.३८ प्रतिशत ल्याएकाले दामाशाही सिरपा: वितरण गरिएको थियो ।

उक्त कार्यक्रममा पूर्व राज्यमन्त्री दिलिप महर्जन, ज्ञानकाजी मानन्धर ले पनि मन्तव्य राख्नु भएको थियो । सोहि कार्यक्रममा जनसेवा उच्च मा.वि., हिलटाउन इन्टरनेशनल उच्च मा.वि र पाँगा मा.वि.का विद्यार्थीहरूले विभिन्न नृत्य र प्रहसन प्रस्तुत गरिएका थिए ।

## कीर्तिपुरमा नेपालभाषाका कथाकारहरूले कथा वाचन गर्ने

कीर्तिपुर/प्रतिभा साहित्यिक परिवार र बाखं दबूको संयुक्त आयोजनामा कीर्तिपुरको मंगल उच्च माविमा आउँदो साउन १९ गते शनिवार दिउसो १२ बजे नेपालभाषाका ख्याति प्राप्त कथाकारहरू– द्वारा कथा वाचन गर्ने कार्यक्रम हुने भएको छ । सो कार्यक्रममा वाचन गरिएका कथाहरूको समिक्षा पनि गर्ने भएको छ। कार्यक्रममा कीर्तिपुरका कथाकाहरू र उपत्यकाका विभिन्न स्थानवाट पनि कथाकार हरूले भाग दिने बताइएको छ। सो कर्याक्रममा उपस्थिति भई कथा वाचन गर्न सम्पूर्ण नेपालभाषाका कथाकार एवं अन्य माहानुभावहरूलाई सहभागी हुन प्रतिभा साहित्यिक परिवारले अनुरोध गरेको छ।

## नेपाल परम्परागत बौद्धधर्म संघको ११ औं स्थापना दिवस सम्पन्न

कीर्तिपुर/नेपाल परम्परागत बौद्धधर्म संघ, कीर्तिपुर शाखाको ११ औं जन्मोत्सव शनिवार विहान ९ बजे कीर्तिपुरको जगतपाल महाविहार मा सम्पन्न भयो। डा. कविन्द्र वज्राचार्यको सभापतित्वमा शुरु भएको उक्त कार्यक्रममा मानवीय जीवनमा बुद्ध धर्मको महत्व विषय वज्रमुनि वज्राचार्यले बोल्नु भएको थियो भने, दश वर्षसम्म प्रत्येक शनिवार भैर हेको ध्यान, प्रार्थना र प्रवचन कार्यक्रमबाट आफ्नो जीवनमा कस्तो प्रभाव पऱ्यो भन्ने अनुभवको बारेमा शोभा महर्जन, रामकुमारी महर्जन, मीरा महर्जन, नन्दवीर महर्जनले सुनाउनु भएको थियो।

प्रमुख अतिथिको रुपमा जगतपाल महाविहारका चक्रेश्वर आ:जु धर्मराज वज्राचार्य, नेपाल परम्परागत बौद्धधर्म संघ केन्द्रीय कार्यालयका विजय ज्योती शाक्यको उपस्थितिमा संस्थाका कोषाध्यक्ष विश्वमुनि वज्राचार्यले आर्थिक प्रतिवेदन, उपाध्यक्ष हिरारत्न वज्राचार्यले स्वागत मन्तव्य र सुरेश वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो। पुष्पर त्न वज्राचार्यबाट उद्घोषण गरी शुरु गरिएको कार्यक्रममा दश वर्षसम्म विभिन्न किसिमले बुद्धधर्मको प्रचार प्रसार गरी योगदान पुऱ्याएका सदस्यहरु छोरीमैया वज्राचार्य, सुरेश वज्राचार्य, किरण कुमार वज्राचार्य, रामेश्वर महर्जन, धर्मराज वज्राचार्य र संघरत्न वज्राचार्यलाई मायाको चिन्ह स्वरुप बुद्धको मूर्ति र प्रशंसापत्र प्रदान गरिएको थियो।


# हार्दिक बधाई



यस मङ्गल उच्च मा.वि.बाट एस.एल.सी. परीक्षा-२०६९ मा सामेल भई सामाजिक विषयमा अनुतिर्ण भएको नतिजा प्राप्त भएपछि पुनर्योगको लागि निवेदन गर्दा पुनर्योगमा यस विद्यालयका Symbol No.0315982 D का जस्मिन महर्जन First Division मा पास हुनु भएकोले हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै भविष्यमा पनि उहाँको उत्तरोतर प्रगतिको कामना गर्दछौं ।

**मंगल उच्च मावि**

**नयाँबजार, कीर्तिपुर**

# दोस्रो साफ यु-१६ च्याम्पियनसिपमा नेपालको शानदार प्रदर्शन



**नवीन महर्जन**

सात राष्ट्र सम्मिलित दोस्रो साफ यु-१६ च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै लिग चरणमा समूह विजेता बन्दै सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गरेको थियो । नेपाली युवा टोलीले एकपछि अर्को खेलमा आफ्नो व्यक्तिगत प्रदर्शन एवं सामूहिक प्रदर्शनमा निखार्दै जुनियर साफको फाइनल खेलसम्म शानदार प्रदर्शन गरेको थियो । यस प्रतियोगिताको गत शनिवार सम्पन्न खेलमा नेपालले बङ्गलादेश माथि ५-१ गोल अन्तरले विजय हात पार्दै फाइनल पुगेका थिए । हरेक ग्राउण्डमा अपार समर्थकहरूको माझमा उत्कृष्ट खेल प्रदर्शन आठौं मिनेटमै नेपालले सुजन लिम्बुको गोलले अग्रता लिएको थियो । दोस्रो गोल विमलले हेड मार्फत गर्दै अन्तर दोब्बर बनाउन सफल भएको थियो। तेस्रो गोल अन्जनले खेलको ५२ औं मिनेटमा गर्दै नेपाली युवा टोली पहिलो हाफमै ३-० गोलले अगाडि भैराखेको थियो । खेलको ५६ औं मिनेटमा बङ्गलादेशका मोहम्मद अतिकुजामनले आत्मघाती गोल गर्न पुगे जस्ले गर्दा गोल झन वृद्धि भयो । यस्तो अवस्था पनि बङ्गलादेशको तर्फ अमिन तसारले ६५ औं मिनेटमा सान्त्वना गोलको रुपमा १ गोल फर्काउन सफल भयो। नेपालको लागि पाँचौं तथा अन्तिम गोल सुजनले गर्दै आफ्नो तर्फबाट यस सेमिफाइनल खेलमा दोस्रो गोल गर्दै समग्रमा ५-१ गोल अन्तरले जित हासिल गर्दै फाइनल पुगेका थिए।नेपाली युवाले एकपछि अर्को खेलमा राम्रो प्रदर्शन गरेको प्रशिक्षक बाल गोपाल महर्जन निकै खुशी देखिन्छ र उपाधी माथि कब्जा हुने विश्वस्त थिए ।

अर्को सेमिफाइनल पुग्न सफल बङ्गलादेशमा प्रशिक्षकको स्तरले पनि नेपालको प्रदर्शनलाई निकै राम्रो मान्दै उपाधि जित्न सकोस् भनेर शुभकामना दिएको थियो ।यस प्रतियोगिताको दोस्रो सेमिफाइनल गत आइतवार साउन १३ गते भारत र अफगानिस्तान विच दशरथ रगशालामा भएको थियो ।आइतबार भएको दोस्रो सेमिफाइनलमा अफगानिस्तानलाई टाइब्रेकरमा ४-३ ले पराजित गर्दै भारतले नेपालसँगको उपाधि भिडन्त पक्का गरेको हो । फाइनल खेल साउन १५ गते भएको थियो ।

नेपालले धेरैवर्ष पछि फुटबलमा आफ्नो शानदार प्रदर्शन गर्दै फाइनल यात्रा तय गरेको थियो । जस्ले नेपाली फुटवललाई अझ अगाडि बढ्न प्रेरणा मिलेको छ । यस साफस्तरीय जुनियर च्याम्पियनसिपको उत्साहले सिनियोर खेलाडिहरू समेत उर्जा थपिनेछ जस्ले आगामि दिनहरूमा अरु उपाधि जित्न आत्मा विश्वास बढ्ने छ। वास्तवमा नेपालले आफ्नो होम ग्राउण्डमा उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। यसलाई अझ निरन्तर ता कायम गर्न सकोस् भनेर कामना गर्न चाहन्छ।

# उज्ज्वल स्कूलमा गुरु दिवस सम्पन्न

कीर्तिपुर पाँगास्थित उज्ज्वल शिशु निकेतन एकेडेमीमा गत सोमवार गुरु पूर्णिमामा भव्यताका साथ सम्पन्न भएको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक, र विद्यार्थीको सामूहिक आयोजनामा कार्यक्रम सञ्चालन भएको थियो। 'गुरु सम्मान तथा बधाई र सोलो डान्स कम्पिटिसन' गरि कार्यक्रमलाई दुई भागमा विभाजन गरिएको थियो।

कार्यक्रमको समुद्घाटन विद्यालयका प्रिन्सिपल दिलमान महर्जनले केक काटेर गर्नुभएको थियो। उहाँले शिक्षक शिक्षिकाहरूलाई बधाई तथा शुभकामना दिदै नयाँ पुस्ताका विद्यार्थीमा गुरुप्रतिको आस्था घट्दै गएको र जसले गर्दा उनीहरूको शैक्षिक स्तर पनि कम हुँदै गएको कुरा औंल्याउनु भयो। त्यसलाई सुधार्न शिक्षकले विषयात्मक शिक्षासँगै नैतिक शिक्षा र अनुशासनको पाठ सिकाउनु पर्ने कुरा बताउनु भयो। मन्तव्यकै क्रममा विद्यालयका नेपाली शिक्षक इन्द्रप्रसाद ढकालले ए.वि.सि. सिक्ने विद्यार्थीले ए बाट एसिलेटर बि बाट ब्रेक र सि बाट क्लच को नियम शिक्षामा पनि पालना गर्नुपर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले विद्यार्थी र शिक्षक विचको आपसी सम्बन्ध पनि राम्रो हुन जरुरी रहेको कुरा प्रष्ट्याउनु भयो ।

कक्षा १०की छात्रा सैलजा ढुङ्गानाले विद्यार्थीको प्रतिनिधित्व गर्दै आफ्ना मन्तव्य राख्नुभएको थियो। त्यसैगरी विद्यालयकी शिक्षिका लक्ष्मी सिटौलाले पनि विद्यार्थीको देखावटी सम्मानभन्दा विद्यार्थीले शैक्षिक उन्नति गरे शिक्षक-शिक्षिका वर्गहरू उनीहरूबाट सन्तुष्ट हुने कुरामा जोड दिनुभयो । कक्षा १० मा अध्ययनरत छात्र तथा कार्यक्रमका सभापति गोकर्ण ओझाले मार्गदर्शक, प्रेरक र आफ्ना लागि सँधै सिढी थप्ने कुरुप्रति आफू सदा दृढ रहेको कुरा व्यक्त गर्दै कार्यक्रमको औपचारिक अंस समापनको घोषणा गर्नुभयो। कार्यक्रमको दोस्रो भागमा कक्षा ६ देखि कक्षा ८ सम्मका विद्यार्थीहरूले आफ्नो प्रतिभाशाली नृत्य प्रस्तुत गर्दै कडा भन्दा कडा प्रतिस्पर्धा गरेका थिए। सबै नृत्य समापनि पछि विद्यालयका नृत्य गुरु देवेन्द्र महर्जनले प्रथम, द्वितिय र तृतिय हुने विद्यार्थीको नाम घोषणा गरि नृत्य प्रस्तुतिको समालोचना गर्नुभएको थियो । सज्जा के.सी. र युधिर सुवेदीको संयुक्त उद्घोषणामा समापन भएको कार्यक्रममा नृत्यका साथै विद्यार्थीले गायन, चुट्किला, गजल, कविता आदि पनि प्रस्तुत गरेका थिए ।

# हिलटाउन स्कूलमा गुरुको सम्मानमा गुरुपूर्णिमा

हिन्दु धर्मको तिथि अनुसार श्रावण पूर्णिमाको दिन हरेक वर्ष गुरुपूर्णिमा मनाइन्छ । यस वर्षको गुरुपूर्णिमा श्रावण ७ गते सोमबारका दिन परेको हुँदा सोही दिन हिलटाउन इण्टरनेशनल उच्च मा.वि. कीर्तिपुरमा गुरुहरूको सम्मानमा गुरुपूर्णिमा कार्यक्रम आयोजना गरियो। कक्षा १० का विद्यार्थीहरूको संयोजकत्वमा आयोजित उक्त कायक्रम सन्जु महर्जन र कविन्द्र रावलले संचालन गरेका थिए। विद्यालयका शिक्षक शिक्षिकाहरूलाई टिका तथा सगुनले सम्मान गर्दै सुरु भएको सो कार्यक्रममा विद्यार्थीहरूले विभिन्न गीत, नृत्य, कविता वाचन तथा नाटक प्रस्तुत गरि मनोरन्जन गराएका थिए । ती मध्ये कक्षा १ र २ का साना नानीहरूको नृत्य र कक्षा ५ की छात्रा स्मृती महर्जनको चाइनिज बालगीत विशेष आकर्षक रहयो । कार्यक्रमको अन्तमा शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूको सहभागितामा विविध मनोरन्जनात्मक खेलहरूको आयोजना गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरूबाट प्रस्तुत कविताहरू मध्ये एक:

## हाम्रा गुरु

सरस्वती भनुँ कि म तपाईंलाई
भनुँ म अरू कुनै देव वा देवता
आफ्ना शिष्यलाई उचित मार्ग देखाउने
तपाईं हाम्रा मार्ग निर्देशिका

आँट गरिन्न विषलाई पनि अमृत बनाउने
प्रयत्न गर्दै हुनुहुन्छ तपाईं
विद्यार्थीका सुनौला भविष्यका लागि
कोरा कागजमा रेखा कोर्दै हुनुहुन्छ तपाईं

तपाईंको त्याग र तपस्याको
सायद बयान कहिल्यै गर्न सकिन्न
तपाईको सेवारुपी भावनाको
कहिल्यै कसैले तराजुमा जोख्ने

गुरु तपाईं नै हुनुहुन्छ यस धर्तिका दाता
हाम्रा सुन्दर भविष्यका मार्ग निर्देशिका
विद्यार्थीलाई सम्झाई बुझाई ज्ञान दिने ज्ञाता
त्यसैले गुरु हाम्रा हामी सबैका प्यारा, हामी सबैका प्यारा

– **रबिना कार्की,** कक्षा ९, हिलटाउन स्कूल, कीर्तिपुर

# हार्दिक श्रदाञ्जली

जन्म : २०५१ भाद्र ७ गते

निधन : २०७० साउन ९ गते

यस छात्रावासमा २०६९ साल मंसिर महिनादेखि बस्दै आएकी मंगल व. क्या. मा बी. बी. एस. प्रथम वर्षमा अध्ययनरत ओखलढुंगा निवासी **सुश्री दीपा दाहाल**को यही साउन ९ गते बुधवार असामयिक निधन भएकोमा दीवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकोस् भनि ईश्वरसंग प्रार्थना गर्दछ ।



स्व. सुश्री दीपा दाहाल

कीर्ति महिला छात्रावास, कीर्तिपुर

# हार्दिक श्रद्धाञ्जली

जन्म
बि.स.
२०२७/१०/६



**स्व. रीणा महर्जन**

स्वर्गारोहण
वि.स २०७०/०४/५
शनिबार

यस सहकारी संस्थाका सदस्य तथा महिला विकास उपसमितिका संयोजक **श्रीमती रीणा महर्जन**को ४३ बर्षको अल्पायुमा असमायिक निधन भएकोले दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.**
**कीर्तिपुर सहकारी पसल**
कीर्तिपुर–१७, नयाँबजार, फोन ४३३०६०९/४३३५५५१




# पाँगा मा.वि.का उज्ज्वल प्रकाश खनाल जिल्ला टप



पाँगा शहिदपथस्थित २०३८ सालमा संस्थागत रुपमा स्थापित पाँगा माध्यमिक विद्यालयबाट एस.एल.सी. परीक्षा-२०६९ मा सामेल भइ विद्यालय टप हुन सफल विद्यार्थी उज्ज्वल प्रकाश खनालले आफूले पाएको प्राप्तांकमा चित्त नबुझी सामाजिक र अंग्रेजी विषयमा पुनर्योग गराउँदा सामाजिक विषयमा यथावत रहेतापनि अंग्रेजी विषयमा ८७ अंकबाट ९ अंक बढी प्राप्त गरी ९६ अंक ल्याउन सफल भयो। पहिलो परीक्षा नतिजामा ९१.५० प्रतिशत अंक प्राप्त गरेको थियो भने हाल कूल प्राप्ताङ्क ७४१ प्राप्त गरी ९२.६३ प्रतिशत हुन पुग्यो। जुन प्रतिशत भनेको काठमाडौं जिल्लाको सर्वोत्कृष्ट प्रतिशत हुन। परीक्षा नियन्त्रण कार्यालयको लापर वाहीको कारण नीजले थुप्रै पुरस्कार प्राप्त गर्नबाट बञ्चित हुनु पऱ्यो। पाँगा माध्यमिक विद्यालयले यही साउन १५ गते पत्रकार सम्मेलन गरी जानकारी गराइएको थियो। सिम्बल नम्बर ०२९५९७३ओ भएका उज्ज्वल प्रकाश खनालले अंग्रेजीमा -९६, नेपालीमा -८५, अनिवार्य गणित -९९, विज्ञान -९७, सामाजिक -७८, स्वास्थ्य, जनसंख्या तथा वातावरण -९२, ऐच्छिक गणित-९६, कम्प्युटर -९८ गरी जम्मा ७४१ अंक प्राप्त गरेको छ। जसको ९२.६३ प्रतिशत हुन आउँछ।

# मङ्गल उ. मा.वि.का शतप्रतिशत विद्यार्थी उतिर्ण

कीर्तिपुर नयाँबजारस्थित मङ्गल उच्च मा.वि.का एस.एल.सी परीक्षा -२०६९ मा सामेल भएका ४० जना विद्यार्थीहरूमध्ये परीक्षाको नतिजा प्रकाशित हुँदा जस्मिन महर्जन फेल भएको नतिजा प्रकाशित भएको थियो। सामाजिक शिक्षा विषयमा जम्मा १४ अंकमात्र प्राप्त भएको देखेपछि विद्यालयका प्राचार्य प्रदिप महर्जनलाई आफ्ना विद्यार्थीले प्राप्त गरेको अंक प्रति सन्तुष्ट भएन।

जस्मिन महर्जनले अंग्रेजीमा -७७, नेपालीमा-६८, अनिवार्य गणितमा-६२, विज्ञानमा -५८, इपीएफमा-७२,ऐच्छिक गणितमा -५४, कम्प्युटरमा-७४ अंक ल्याएकी थिइन।

परीक्षा नियन्त्रण कार्यालय सानो ठिमीमा सामाजिक विषयको पुनर्योगको लागि निवेदन दिइयो। जस अनुसार गत साउन १४ गते गोरखापत्रमा सिम्बल नम्बर **०३१५९८२ डी** पास भएको देखियो। प्राचार्य, जस्मिनका परिवार मात्र होइन विद्यालयका शिक्षक/शिक्षिका, व्यवस्थापन समिति सदस्यहरू सबैजना खुसी भए। खुसी पनि किन नहुनु विद्यार्थीको भविष्यको सवाल त छँदै थियो विद्यालयको पनि इज्जतको सवाल थियो।



राष्ट्रियस्तरमा अरू वर्षमा भन्दा कम प्रतिशत पास भएको समयमा पनि विद्यालयले ४० जनै विद्यार्थी अर्थात शत प्रतिशत पास गराउन सफल भएको छ।

# ने.रे.सो. उपशाखा र लुमन्तीको संयुक्त आयोजनामा प्राथमिक उपचार तालिम

शहरी खानेपानी तथा सरसफाई र विपद जोखिम परियोजना अन्तर्गत किर्तिपुरको विभिन्न वडाहरूमा सञ्चालित विभिन्न जनचेतना मूलक तालिम अन्तर्गत प्राथमिक उपचार तालिम यही मिति २०७० श्रावण १० देखि १२ गतेसम्म कीर्तिपुर पार्टी प्यालेसमा लुमन्ती र ने.रे.सो. कीर्तिपुर उपशाखाको संयुक्त आयोजनामा सम्पन्न भयो। उक्त तालिममा जम्मा २४ जना सहभागीहरूमध्ये २१ महिला र ३ पुरुषको सहभागिता रहयो।

प्राथमिक उपचार तालिमको प्रमुख उद्देश्य नै समाज र परिवारमा केही कारणवश विपद आइपरेमा उक्त विपदबाट हुने क्षतिको असरबाट पर्ने स्वास्थ्य समस्याका असरलाई कम गर्ने उद्देश्यले लुमन्तीद्वारा तालिम प्रदान गरिएको हो। यस परियोजना अन्तर्गत लुमन्ती र ने.रे.सो. कीर्तिपुर उपशाखाको संयुक आयोजनामा कीर्तिपुरका ११ समूहलाई प्राथमिक उपचार तालिम प्रदान गरिसकिएको छ। यसबाट कीर्तिपुरमा प्राथमिक उपचारक स्वयमसेवकहरूको संख्यामा वृदि भएको छ जुन तालिम हाम्रो सम्पूर्ण मानव जिवनमा अति नै उपयोगी तालिमको रुपमा रहेको छ।

उक्त तालिमको समापन कार्यक्रममा ने.रे.सो काठमाडौं जिल्ला शाखाका मन्त्री श्री मथुरा राम श्रेष्ठको प्रमुख आतिथ्यता र ने.रे.सो. कीर्तिपुर उपशाखाका सभापति हर्षमान महर्जनको सभापतित्वमा सम्मन्न भयो। जसमा सहभागीहरूबाट यस्ता तालिमहरू कीर्तिपुरबासीका घरघरमा पुऱ्याउनु पर्ने र सम्पूर्ण कीर्तिपुरबासीले यस्ता तालिम



लिन आवश्यक भएको बताउदै कीर्तिपुर का सिमित वडा बासीमा मात्र सितिम नहुन लुमन्ती र रेडक्रससलाई अनुरोध गरियो। साथै उक्त अनुरोध प्रति ने.र े.सो.का.जि.शाखाका मन्त्री श्री मथुरार ाम श्रेष्ठ र ने.रे.सो. कीर्तिपुर उपशाखाका सभापति श्री हर्षमान महर्जनबाट यदि कीर्तिपुर बासीको आवश्यकता भएमा त्यस प्रति पनि कीर्तिपुरबासीहरूसंग हातेमालो गर्दै अघि बढ्न ने.रे.सो. तयार रहेको कुरा बताउनु भयो। साथै तालिममा सहभागिहरूलाई उक्त तालिमका संयोजक रिडी भन्सारीद्वारा बधाई ज्ञापन गर्नुका साथै आफूले सिकेका कुराहरू आफ्नो घर, समाज र राष्ट्रकै लागि आवश्यक परेमा उपयोग गर्नुहुन अनुरोध गर्नुभयो।

# भलाकुसारी रमेश चन्द्र प्रधानसँग



काठमाडौं जिल्ला सतुंगल गा.वि.स. वडा नं.७ निवासी रमेश चन्द्र प्रधान बुबा रामवहादुर श्रेष्ठ र आमा रत्नमाया श्रेष्ठको जेठो सन्तानको रुपमा वि.सं.२०१५ साल बैशाख १५ गते जन्मनु भएको थियो। उहाँले शिक्षण पेशा, गा.वि.स. सचिव, नेपाल टेलिभिजनमा जागिरे अनुभव लिइसक्नु भएका प्रधान २०४९ सालको स्थानीय निर्वाचनमा काठमाडौं जिल्ला विकास समितिको सदस्य पदमा निर्वाचित हुनु भएको थियो। २०५४ सालको जिल्ला विकास समितिको निर्वाचनमा नेपाली कांग्रेसबाट उपसभापति पदमा प्रत्यासी उहाँलाई राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीले समेत सहयोग गरे पनि उहाँ झिनो मतले पर ाजित हुनु भएको थियो।

नेपालभाषाको पहिलो चर्चित टेलिफिल्म "१२ बजे"का निर्देशक रमेश चन्द्र प्रधान हाल जेसिज इन्टरनेशनल बोर्डिङ्ग सेकेण्डरी स्कूलका कार्यकारी अध्यक्ष समेत हुनुहुन्छ। राजनीतिलाई मागी खाने भाँडो बनाउनु हुन्न भन्ने विचार राख्नु हुने प्रधान व्यापार र राजनीति सँगसँगै लान सकिने विचार व्यक्त गर्नु हुन्छ।

उहाँ जातिय मुक्तिको लागि संघीयता, वर्गिय मुक्तिको लागि समाजवाद भन्ने नारा लिएर पहिचान सहितको संघीयता पक्षधर नव गठित सङ्घीय समाजवादी पार्टी, नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ। नेपाली कांग्रेसका सक्रिय नेताको रुपमा परिचित र मेश चन्द्र प्रधान सङ्घीय समाजवादी पार्टी, नेपालमा प्रवेश गर्नु भएको सन्दर्भमा उहाँसँग हाम्रा सम्वाददाताले गर्नु भएको कुराकानीको संक्षिप्त विवरण- सम्पादक

तपाई नेपाली कांग्रेसको नेता भनी चिनिनु हुन्थ्यो। कहिलेदेखि र कति वर्ष त्यस पार्टीमा काम गर्नुभयो ?

—मेरो बुबा स्व. रामवहादुर श्रेष्ठ यस क्षेत्रका नेपाली कांग्रेसका प्रतिष्ठित नेता हुनुहुन्थ्यो। उहाँको परिवारको जेठो छोरा भएकोले म नजानिदो तरिकाले कांग्रेसमा सक्रिय हुँदै गएँ। औपचारिक कार्यक्रममा सहभागीको स्मरण गर्दा २०३३ सालमा वी.पी. र गणेशमान सिंहको मेल मिलापको नीति लिएर स्वदेश फर्किदा त्रिभुवन विमानस्थलमा स्वागत गर्न गएको थिएँ। त्यसबेलादेखि म नेपाली कांग्रेसको सक्रिय कार्यकर्ताको रुपमा काम गर्दै आएँ। साधारण सदस्यदेखि विभिन्न तहमा रही काम गर िसकेको छु। पार्टीको आहवानमा आन्दोलनमा भाग लिंदा ०४६ सालमा जेल पनि पर ेको थिएँ। २०६२/०६३ सालको आन्दोलनमा कलंकी कब्जा गर्न गएको थिएँ। जुन घटनामा सतुंगलका विष्णुलाल महर्जन घाइते हुनुभयो। म बल्ल तल्ल बचेर आएँ।

*नेपाली कांग्रेसमा त्यत्रो वर्ष लगानी गरीसक्नु भएका तपाईले किन पार्टी छाड्नु भएको ?*

—नेपाली कांग्रेस सत्तामा आए पछि कांग्रेस बनेको व्यक्ति होइन म। धेरै मानिसहरू केही पाउने आशामा कांग्रेस बनेका थिए। म कांग्रेसको राष्ट्रियता, प्रजातन्त्र र समाजवादको नीतिले आकर्षित भई नेपाली कांग्रेसमा लागेको हुँ। कांग्रेसको नेतृत्वमा नेपाली जनताले प्रजातन्त्र पाएको हो, अबको समय लोकतन्त्र हुँदै गणतन्त्र प्राप्त भएको अवस्थामा हामी छौं। कांग्रेसको सिद्धान्त अनुसार समाजवादको निम्ति काम गर्नु पर्ने हो तर कांग्रेसको वर्तमान नेतृत्व समाजवादी अवधारणाको विरुद्धमा अगाडि बढिरहेको महसुस भएकोले समाजवाद प्राप्तिको लागि गठन भएको सङ्घीय समाजवादी पार्टी, नेपालमा प्रवेश गरेको हुँ। कांग्रेसले समाजवादी सिद्धान्त नअंगालेको भए म कांग्रेस बन्ने थिएन।

*तपाईंको अबको लक्ष्य के हो ?*

—अबको बाटो भनेको सङ्घीयता सहितको संविधान हो। यो उद्देश्य प्राप्तिको लागि सङ्घीय समाजवादी पार्टी, नेपाल गठन भएको हो। हामीले यो अबसर गुमाउनु हुन्न यसर्थ हामीले कुनै दुविधामा नपरि पहिचानसहितको सङ्घीय राज्य प्राप्तीका लागि यस पार्टीमा लाग्नु पर्दछ। सङ्घीय राज्य प्रणाली अन्तर्गत नेवाः स्वायत्त राज्य प्राप्त गरेपछि समाजवादका लागि लाग्नु पर्दछ। यो अवसर प्राप्त गर्नका लागि सङ्घीय समाजवादी पार्टी, नेपाल मात्र उपयुक्त प्लेटफार्म हुन सक्दछ। तसर्थ मेरा साथीहरू, आफन्त सबैमा यस पार्टीमा आवद्ध हुन हार्दिक आग्रह गर्दछु।


## आवश्यकता

**यस सहकारी संस्थालाई निम्न पदका लागि दक्ष तथा अनुभवी कर्मचारीहरूको आवश्यक भएकोले योग्यता पुगेका योग्य नेपाली नागरिकलाई साउन २५ गतेभित्र व्यक्तिगत विवरण सहित आफूले हासिल गरेका शैक्षिक प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र १ प्रति फोटो समेत राखी दरखास्त दिनु हुन अनुरोध गरिन्छ।**

| पद | संख्या | योग्यता |
|---|---|---|
| १) सहायक लेखापाल | २ | प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण, कम्प्युटर तथा सहकारी सम्वन्धी ज्ञान प्राप्त भएका |

*नोटः महिलालाई विशेष प्राथमिकता*

**विस्तृत जानकारीको लागि**

**देयू धुकू बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

**नयाँबजार, कीर्तिपुर १७, फोनः ४३३२४३८**

**हैन त ?** –निरज




# निर्वाचन खर्च

निर्वाचन गर्नको लागि सर्कारले १६ अर्वको बजेट छुट्याएको छ। निर्वाचनमा फजुल खर्च नहोस् र मितव्ययिताको कायम गर्नको लागि सर्कारले निर्वाचन आचार संहिता पनि जारी गरिसकेको छ।

एक जना प्रत्यक्ष उम्मेदवारले दश लाख र समानुपातिक उम्मेदवारले एक लाखसम्म मात्र खर्च गर्ने पाउने आचार संहितामा जनाएको छ। आचार संहिता निर्वाचनमा भाग लिने दल र उम्मेदवारले कडाइका साथ पालना गर्नु आवश्यक छ।

अझ यहाँ सम्म कि निर्वाचनमा भाग नलिने वा बहिस्कार गर्ने दलहरुले पनि पालना गर्नु गराउनु सर्कारको काम हो। निर्वाचनको बेला खर्च जुटाउन दलहरुले उद्योग, कल, कारखाना, होटल व्यवसायहरुमा चन्दा आतंक गर्ने गर्दछन्। त्यसैले यसपाली निर्वाचन प्रयोजनको लागि उद्योग, व्यवसायहरुले पनि चन्दा, आर्थिक सहयोग नदिने घोषणाले निर्वाचनमा खर्च कम हुने अनुमान त गर्न सकिन्छ। तर भर पर्दो विश्वास भने गर्न गाह्रो छ।

कुनै पनि निर्वाचन जित्नको लागि आर्थिक मेरुदण्डको रुपमा रहेको हुन्छ। जुन दलमा पैसा छैन ऊ जित्न गाह्रो छ। जो उम्मेदवार खर्च गर्न सक्दैन ऊ नाउ मात्र उम्मेदवार हुन्छ। आफनो नजिकको कार्यकर्ताले पनि नचिनेको भाङ गर्छ।

जुन दलले निर्वाचन खर्च कम गर्छ त्यो दल कम सितमा जित्छ, वा जनताको मत रहे पनि पैसा अभावले हारिन्छ। यहाँ अव निर्वाचन गर्नको लागि सरकार को १६ अर्व खर्च त छदैछ। प्रत्येक दलले निर्वाचन लड्नको लागि खर्च गर्ने रकम त छदैछ।

निर्वाचनमा नदेख्ने गरी खर्च हुने त कति छ कति, त्यसको कुनै लेखाजोखा होला जस्तो लाग्दैनन्। गत २०६४ सालको निर्वाचनमा काठमाडौं १० क्षेत्रमा जित्नेका लागि मात्र पनि प्रचण्ड कमरेडले एक करोड भन्दा बढी खर्च भयो रे। त्यसबेला नेपाली काङग्रेस राजन के. सी ले नेकपा एमाले सानु श्रेष्ठ लगायत अरु दलका उम्मेदवार हरुले कति खर्च गरियो होलान्।

अझ जनताले आफू खुशी खर्च गर्ने, कार्यकर्ताले नेता जिताउन खर्च गर्ने, उद्योग, व्यवसायहरुको दिने चन्दा कति कति खर्च हुने गरेको छ।

त्यसैले पनि निर्वाचन मंहगो हुने गर्दछ। निर्वाचन हारेपछि खर्च रोकिन्छ तर निर्वाचन जितेमा जनताको खर्च अझ बढ्ने गर्दछ वा जितेका पक्षका जनताको खर्च अझ बढने हुन्छ।

निर्वाचित नयाँ सभासदलाई सगुन दिने नाउँमा , पार्टी दिने नाउँमा वा सम्मान गर्ने नाउँमा फेरि खर्च नै बढ्ने हुन्छ। त्यसैले यसपालीको निर्वाचनमा उम्मेदवारी उठाउन, उम्मेवादार जिताउन, दलहरुले कतिको खर्च गर्ने हुन्। हात्तीको दुइवटा दाँत जस्तै देखाउने खर्च र नदेखाउने खर्च के के हुन , अहिले बजेट वा लगत इष्टमेट गर्नु पर्ला नत्र निर्वाचन आयोगको कार्वाहीमा पर्न के वेर ?



**ब्यंग सन्देश**
सरव कुमार महर्जन

सहकारी संस्था, कार्यालय तथा व्यवसायी संस्था (पसलसमेत)लाई आवश्यक लेजर, क्यास बुक, स्टक बुक, डे बुक, दर्ता चलानी, खरिद तथा विक्रि खाता, हाजिरी कापी तथा अन्य स्टेशनरी सामानहरू सुपथ मूल्यमा पाइने ठाउँ

**किपू बुक प्वाइण्ट**
**कीर्तिपुर, नयाँबजार–१७, फोन ४३३१७७५**

**सुगर निको पार्ने**

अब सजिलै सुगर, युरिक एसिड, ग्याष्ट्रिक, पायल्स, नसाच्यापिएको, हड्डीखिएको, बाथ, ढाड–कम्मर तथा जोर्नीको दुखाई ग्यारेष्टी निको पार्ने हिमाली जडिबुटी साथै चाइनिज एक्युप्रेसर, एक्युलाइफ तथा जीम फिटनेस थेरापीद्वारा उपचार गरिन्छ।
नोटः फोन गरेर मात्र आउनु होला

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७
फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
यो विज्ञापन होइन, सत्य तथ्यमा आधारित छ।

एस. एल. सी २०७० मा उत्तीर्ण हुने
सम्पूर्ण विद्यार्थीहरुलाई
**हार्दिक बधाई**

**कक्षा ११ मा**
- **व्यवस्थापन**
- **शिक्षा**
- **मानविकी**

**भर्ना खुल्यो**

प्राचार्य
**जनसेवा उच्च मावि**

एस.एल.सी २०७०
**हार्दिक बधाई**
**उज्ज्वल भविष्यको**
**मंगलमय शुभकामना**
साथै मंगल उच्च मा.वि. यहाँहरूलाई

- कक्षा ११ मा भर्ना खुल्यो।

**संकाय**
- व्यवस्थापन
- शिक्षा
- मानविकी

**विषयहरू**
– कम्प्युटर विज्ञान
– होटल व्यवस्थापन
– आम संचार

**नोटः विभिन्न छात्रवृत्तिहरू व्यवस्था गरिएको छ।**

मंगल उच्च मा.वि/बहुमुखी क्याम्पस

# थः सु कतः सु उपन्यास ब्वनेधुंकाः

**रीदेन महर्जन**




जिं नेपालभाषाया उपन्यास ब्यनेगु झवलय् भाजु नजरराम महर्जनया "थः सु कतः सु" उपन्यास हे न्हापां नेपालभाषा च्वयातःगु उपन्यास व्यनागु खः। थ्व उपन्यास ब्वना झी मनूया जीवन संघर्षपूर्ण लाना च्वना धका वाःचाय्का, थ्व उपन्यास ब्वनेगु भ्वलय् छगु जित उखान याद वल **"भगवान्‌पिन्स सिधा साढा, सोझा व कमजोरपिन्त हे दुःख बिइगु याइ।"** सुमनू गुलि सिधासाधा, सोझा, सत्यवादीजुइ इम्तहे दुःख कष्ट जुइगु लाना च्वन, अथेसा झीके सत्यता जक दःसा, यथार्थता जक दःसा, झीत सुना न छु हे याये फइ मखुः। च्वमी अन्याय, अत्याचार, शोषण, उत्पीदनया विरोधी, निडर स्वभाव, न्याय प्रेमी, स्वतन्त्र प्रेमी, स्वाभिमानी, इमान्दारी, कर्तव्य निष्ठा, दयामाया, करुणाभाव दुम्ह, मिलनसार, कर्मशील, सत्यवादी, यथार्थवादी, क्रान्तिकारी विचार धारा दुम्ह, समाजसेवी, बुद्धिजिवी, श्रमजिवी पत्रकार व नेपालभाषा साहित्य खेलय् चिरपरिचित छम्ह नाजाम्ह "उपन्यासकार" नं. खः।

झीगु समाज, राष्ट्रया लागि थम्हं काय्, म्ह्याय्, जहान परिवारत सिना नं थम्हं बुइकापिं जक थः सन्तान मखु, थ्व धरति जन्मजूपिं फुक थः सन्तान खः धकाः भाःपियाः महान् मानवीय विचार भापिया समाजसेवी ज्या न्ह्याका व्यूम्ह भाजु नजरराम मुख्य पात्र खः गज्यागु बिडम्वना थ्व देशे सुना बालागु ज्या न्ह्याकेत कुतःयाइ, ग्वसाःग्वइ, न्ह्यागु सा विघ्न बाधा वइ लाना च्वन, अले थ्व झीगु समाज, राष्ट्र गथे याना भिनी, विकास याये फई, गथे याना झीस विकासया ज्यायायात न्ह्याके फइ ? झीसं समाजय् बालाक ज्या यासा समाज वयात स्वइगु दृष्टिकोण मखु दृष्टिकोण जक स्वइ, थ्व झीगु समाज कमजोर पक्ष खः, बांलागु ज्या न्ह्याकीपिन्त हइस्ते-होइस्ते याना थकागु गन-गन क्व काय्गु ज्या जुया च्वंगु दु, खुट्टा तानातान प्रवृति लुकिना च्वंगु दु, झीगु समाजय् चोर, डाका, जालि, फटाहा, गुन्डागर्डी, कुर्शी च्वना फोहोरी खेल म्हितीपिनिगु हे विगी-विगी जुयाच्वंगु दु, न्हापानिसे थ्व देशय् राणाकाल, पंचायतकाल आवया संघीय गणतन्त्र स्थापना जुई धुंकल आतंकनं थ्व देशय् सामन्ती वर्ग, पाखण्डी तय्गु हाली मुहाली खनेदु ? थ्व चिज झीस जरा निसे उखले यायेमागु दु ? अले जक झीसं शोषित, उत्पीडित, पिडीत, गरीबी वर्गया हकअधिकार सुनिश्चत याना समानुपातिक रुप विकास याये फइ।

थ्व उपन्यास "थः सु कतः सु" जब दुःख, कष्ट, संकट, भय, वइ जीवनया भ्वलय् थ धाइम्ह पासा, जलखल, परिवार, दाजु किजाया परिचय वइ अले जक बालाक सिइ दइकी थः धाम्ह सु ख कतः धाइम्ह सु वालाक सि दई, थ्व उपन्यास नेपाया जेलया परिवेश व्याख्या याना तगु, थ्व उपन्यासे पुलीतसें कैदी तयेत झ्यालखाना गजागु व्यवहार याई कैदीतय्त व्यक्त याना तगु दु, नेपाःया जेल अवस्था गथे, अन च्वनीपि कैदीतयगु अवस्था गथे ख, गथे याना जीवन निर्वाह यायेमा व पक्षया बालाकं व्याख्या याना तंगु दु। धाइ नाप दु "पिइगु पति जक हे बुया वइ, मप्पुपति बुया वइ मखु" अर्थात झीसं असार महिना वा पियूसा वा जकहे बुया वइ छो बुया वइमखु अथेहे झींस छुयाइ व चिज जके जीवने पाये जुइ मयागु पति पाये जुइ मखु, मयागु चिज त जाली झेली याना थःगु स्वार्थ पुवकीपिन्त न्हागु हे धासा ज्या याइपी अज्यापी पापी, जाली धुर्त, मुर्ख असत्यबादी मनुत थ्व समाज, राष्ट्रय्या लागि धब्बा व कलंकित मनुत साबित जुइ, समय परिवर्तन जुसा सत्ययात सुनान परिवर्तन यायेफइ मखु, थ्व प्राकृतिक नियम ख गथे दिन त रात याये फइमखु, र ातयात झीसं दिन याये फइ मखु, असत्ययात सत्य याये फईमखु, सत्ययात नं. असत्य याये फइमखु असत्य धयागु असत्य हे जुइ सत्य धइगु सत्यहे जुइ, सुना असत्य यात सत्य धका प्रमाणित यायेत दुस्प्रयास याई व वयागु जीवन क्षणिक जक जुई, क्षणिक जक फाइदा दई। झीपिं मनू जूया च्वना झीके सत्य जक दुगु खसा झीत भगवान् झीत हरेक चिजय् साथ बी, भतिचा परीक्षा जुइफु दुःख कष्ट वये फु तर धैर्यधारण, संकल्प त्वति मज्यु धका लेखक बालाक वर्णन याना तगु दु। उपन्यासकार जेले गथे याना, ग्ये जुया, छाय लात ? सुना फसेयाना लात धयागु न्हयसःया लिस बालाक विया तःगुदु। सकसिया लगे जुगु शंका, उपशंकायागु निगले लिकुना च्वगु थी-थी न्हयसःया लिसः थ्व उपन्यासे व्याख्या याना तःगदु ? माया, मतिनाया अभाव जीवन गथे गय् जुई यः धका मनोविश्लेषण याना तगु दु।

वास्तवय् जिन्दगी धइगु छगु भोग खः, संघर्ष हे ख। थ्व मनुया जीवन एकदम अमुल्य ख, वने धुन्कु पति इ फर्के जुया वइगु मखु अज्यागु (ई) समय अमुल्य खः। झीपिं समय (ई) अनुसार चले जुइमा, अज्या झीपी समय (ई)या दास जुइमागु खः। झीसं भिंगु जिन्दगी झीसं धइथे जुइमखु, झीस झीगु जिन्दगी कर्म याना जक झीस बदलय् याये फइ, हरेक जिन्दगी या हरेक मोड अभिशाप जक जुइमखु, बालागु विचार याना, बालागु ज्या न्ह्याकीगु कुत यायेगु खसा, मनुया भगवान् विइगु जीवन (Life is God Gift) वरदान ने परिणत जुई, जिन्दगी थगु मनु थे मयपी मनु जुइमखु, थगु धाइपि जक थ जुइ थ मनु थे कत जुइ मखु, सुखे सिना नं दुःख बले साथ वी व जके थगु पासा, जलखल जुई, थथिती जुई, जीवन धयागु आँशु र हाँसो, मिलन व विछोड खः, मिलन व विछोड यु पति अवस्था गथे जूइ, उपन्यासय् थःगु परिवारे, समाजे च्वपीनिसे विछोडया पिडा गथे जुइ, जेलया परिवेश धयागु कुना तःम्ह झंगःया जीवन थें जुइ, झीगु राज्य बन्दीतय्त गुगु कथ बालागु, बामलागु द्धप विया यायेगु व्यवहार जेल जीवन हनी, इमिगु गज्यागु किसिम न्ह्याना च्वगुबारे वर्णन याना तगु दु।

थ्व उपन्यासय् झीस बालांक सोचविचार याना जक बालाक पला न्ह्याकेमा, फुक्क चिज विचार हे ख, मानव त विचार महान् बने याइ यदि झीगु शुद्ध विचार यायेगु खसा, थगु पति मन, बचन, कर्म शुद्ध याना पला न्ह्याकीगु खसा, सुनान झीत क्वतेली फइ मखु, विचार अनुसार हे फल पाये जुइ ख, अले कारागार लापी फुक्क मनुत अपराधीत जक जुइमुख, वयात झीगु देश, समाज कालपरिस्थिती मनुतयेत अपराधी याई ख अले फुक्क अपराधीत नं निर्दोष जुइमखु, अदालतया चक्कर धयागु चक्रव्युह थे खः शत्रुतय्सं रचना यागु चक्रव्युह तं. तोदय् याना विजय जुया, थःतयागु अन्याय, अत्याचार अन्त्य याना, न्यायया विजय झण्डा ज्वना व्यय्का उपन्यासकार छम्ह सच्चा अर्जुन जुया "थ सु कत सु" उपन्यास (सफु) च्वया प्यावल, थ्व झीगु समाज, देशय लागि तधंगु महान् उपलब्धी ख। वयकया नेपाल भाषाया साहित्य खेले अझ यक्व-यक्व प्रगति जुइमा, थःगु रोके जुया च्वंगु समाज सेवा ज्या हाकनं न्ह्याकीकु ग्वसाः ग्वयेमा धकाः भलसा कयाः च्वना। थ्व उपन्यास यात नेपाली भाषा नं उल्था याना प्रकाशित यायेगु खःसा अझ यक्व बालाइथे च्व, थ्व उपन्यास नेवा नुगः दुपि सकल पत्रिका ग्राहक महानुभाव, शुभचिन्तकपिन्त छकः ब्वना स्वया दिइत जिगु नुगल निसे इनाप याना च्वना। जय मा भाय्, जय नेपाल मण्डल

# एनेकपा माओवादीको पत्रकार भेटघाट कार्यक्रम



एनेकपा माओवादीले मंसिर ४ गते हुने चुनावलाई मध्य नजर राखी एक महिने चुनावी अभियान सुरु गरेको छ। दुईसय चालीस निर्वाचन क्षेत्रमा नै नेताहरूलाई जिम्मेवारी दिएर खटाइएको छ।

यसै सिलसिलामा गत साउन १४ गते सोमवार काठमाडौं निर्वाचन क्षेत्र नं.१० मा केन्द्रीय सदस्य विश्वभक्त दुलाल र सल्लाहकार जे.वी. टुहुरे आउनु भएको थियो। नयाँबजारस्थित पार्टी कार्यालयमा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गरिएको थियो। एनेकपा माओवादी पार्टीको एक महिने कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुहुँदै आहुतीले भन्नुभयो, "मंसिर ४ गते हुने चुनावको लागि जनतालाई जगाउन र आफ्नो पार्टी कार्यकर्ताहरूलाई सक्रिय रुपमा खटाउनको लागि यो एक महिने कार्यक्रम सुरु गरिएको हो। एक महिनासम्म कार्यकर्ताले जनतासँग संकलन गरेका सुझावहरू भाद्र १० गते हुने केन्द्रीय भेलामा पेश गर्ने छ। त्यसपछि पार्टीले ठोस निर्णय लिनछ।" पत्रकारहरूले आगामी चुनावमा सेना परिचालन गर्ने भनेको छ। सेना परिचालन गराउन तपाईंहरू तयार हुनुहुन्छ भन्ने गरेको प्रश्नमा आहुटीले भन्नुभयो, "चुनावमा सेना परिचालन गर्नु सामान्य कुरा हो।" २०६४ सालको चुनावमा सेना परिचालन गरिएको थिएन भन्ने प्रश्नमा आहुटीले भन्नुभयो, "त्यसबेला दुईटा सेना थिए। त्यसैले एक सेनामात्र परिचालन गर्न नमिलेर परिचालन नगरेको हो।" आदिवासी जनजाति, दलित, महिला एवं उत्पीडित वर्ग पक्षधर भनिने एनेकपा माओवादीले समानुपातिक प्रतिशत घटाउँदा पनि किन स्वीकार गरिएको भन्ने प्रश्नको जवाफमा उहाँले भन्नुभयो, "नेपाली जनताको ६३ वर्ष पहिलेदेखिको संविधानसभाबाट संविधान बनाउने आकांक्षा पुरा गर्नको लागि स्वीकार गरिएको हो। समानुपातिक संख्या बढाउन सकिने बताउनु भयो। उक्त दिन साँझ वडा नं. ४ स्थित सामुदायिक भवनमा कार्यकर्ता प्रशिक्षण गरिएको थियो।


**हार्दिक बधाई**



यस विद्यालयका विद्यार्थी श्री **उज्ज्वल प्रकाश खनाल**ले २०६९ सालको नियमित एस.एल.सी.परीक्षामा पुनर्योग गर्दा अंग्रेजी विषयमा ९ अंक बृद्धि भई ७४१ (९२.६३ %) अङ्क ल्याई काठमाण्डौं जिल्लाको सर्वोच्च स्थान हासिल गरेको हुँदा विद्यालय परिवार उहाँलाई हार्दिक बधाइ ज्ञापन गर्दछ।

**पाँगा माध्यमिक विद्यालय परिवार**

**कीर्तिपुर – ९, पाँगा**

**नयाँ शो रूम खुल्यो**

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं।




युनिक टेलर्स

नयाँबजार, फोन ४३३१०७८



DTC को MOBILE र Service Center अब
कीर्तिपुरमा
GT10
6" Touch Screen
2 GHz Dual Core Processor
Android Jellybean
5MP Camera
3G
WiFi
Dual Sim
GT7
4.3" Touch Screen
1 GHz Processor
Android Gingerbread
5MP Camera
2G
WiFi
Dual Sim
GT9
5" Touch Screen
1 GHz Dual Core Processor
Android Ice Cream Sandwich
5MP Camera
WiFi
Dual Sim
GE5
GC2 CDMA
S1 CDMA
* 5 Mobile Sets On Lucky Draw
* Buy One Get One Free
* Surprise Gifts
* Exchange
* Heavy Discount
* Big Sale
* Recharge Cards
* Free Memory Card
* Free Recharge Cards
सीम कार्ड
सितैमा
MOBILE MARKET 'N' KLINIC
LOKTANTRIC CHOWK
PHONE NO. 9851152393, 9843307412

# थुनुवाको डायरी– ७६




## २०६७/१०/१९ बुधबार -११९ दिन दोस्रो पेशी

मेरो जिन्दगीको एक दिन कम भयो । म यो जेलमा आएको भोलिदेखि चार महिना पूरा भएर पाँच महिनामा टेक्छ । अझ कति दिन बस्नु पर्ने होला । आजको पेशी बहस हुने हो कि होइन । छिट्टै फैसला भए हुन्थ्यो । मलाई आज निद्रै लागेन । विहानको २.४५ बजे उठेर पिशाव गर्न गएँ । डाँडामा गएर चुरोट पिएँ । अरू पनि त्यहाँ चुरोट पिइरहेका थिए । कोठामा आएँ । उपन्यास लेख्न थालें । आधाघण्टा लेख्दा आँखा पिरो लाग्यो । फेरि पल्टें । निद्रा लाग्यो । पछि निद्रा खुल्दा त पाँच बजिसकेछ । धारामा गएर मुख धोएँ । देवी देवता ढोगें । कोठामा आएर एक मग कफी बनाएर पिएँ । फेरि उपन्यास लेख्न  थालें । उपन्यास लेखेर मलाई समय बिताउन कुनै गाह्रो हुँदैन । छ बजे नम्बर खुल्यो । बाहिर गएँ । हिजो राम्रर ी घाम लागेको थियो । आज कुहिरोले ढाकेको छ । ग्राउण्डमा घुमिरहें । सातबजे चिया पिएर ओमशान्ति गएँ । सबैजना ध्यान बसिरहेका छन् । म पनि ध्यान बसें । आज मलाई ध्यान नै आएन । मनमा कुरा खेलिरहेको छ । भाइजी आउनु भयो   मुरली सुनेर बाहिर आएँ । ओमशान्तिबाट बाहिर आएर कफी बनाएर पिएँ । डाँडामा गएर चुरोट पिएँ । आजदेखि चुरोट पिउन छाड्ने विचार गरेको थिएँ झन धेरै चुरोट पिउन मन लागिरहेको छ । आज पेशी हुन्छ कि हुन्न ? आजको पेशी बहस भएर म बाहिर जान पाउँछु कि पाउँदिन । यहि कुरा मेरो मनमा खेलिरहेको   छ । अब मलाई यहाँ एक पल पनि बस्न मन लाग्दैन । अब यहाँ बसेर मैले गर्नु पर्ने कुनै काम बाँकी रहेन । बरु बाहिर गएर गर्नु पर्ने काम  धेरै छ । नौबजे लोडसेडिंग भयो । म बाहिर गएँ ।

१०.३० बजे खाना खाएर घाम तापिरहें । आज पेशी बहस हुन्छ एकछिन बाहिर घाम तापेर कोठामा आएँ । “होटेलमा भेज चाउमिन र मिक्स चाउमिन खुल्यो ।” माईकबाट अनाउन्स गर्‍यो । मलाई भोक लागेको जस्तो भयो । होटलमा गएर एक प्लेट मिक्स चाउमिन लिएँ । चाउमिन मुखमा हालेको थिएँ । मलाई सविता र निर्मलाको याद    आयो । म पाँगामा जाँदा दिपूको पसलमा चाउमिन बनाइ राख्छ । अनि उनीहरू भन्थे, “बा, आज दिपूदाइको पसलमा चाउमिन बनाएको छ । आज एकचोटि चाउमिन खाउँ न ।” उनीहरूको आग्रह म तार्न  सक्दिन । दुई प्लेट ल्याउँछ । मैले खान्न भन्दा पनि दुबैजनाले आफ्नो भागबाट अलि अलि झिकेर मलाई दिन्छन् । मलाई कति माया गर्ने बच्चाहरू आज उनीहरूले गरेर नै  यहाँ आउनु परेको छ । तैपनि   मेरो मनमा अझै उनीहरूप्रति दया माया बाँकि रहेछ । उनीहरूको सम्झनामा नर माइलोसित चाउमिन खाएर आएँ ।

तीन बज्यो । विजुली गयो । कोठामा टी.भी. हेर्नेहरू खाली भयो । उपन्यास लेख्न मलाई सजिलो भयो । मेरो इमरजेन्सि लाईट बालेर उपन्यास लेख्न थालें । एकघण्टा लेख्दा मेरो आँखा तिरमिरायो । एकछिन चुप लागें । एक मग कफी बनाएर पिएँ । ४.१५ बजे धारा खाली   भयो । डाँडामा गएर चुरोट पिएँ । त्यहाँ एकजनाले भन्यो, “एउटा डान्स रेष्टुँराँको मालिक कमल जङ्ग राणालाई जिउ मास्ने बेच्ने अभियोगमा एकवर्ष देखि थुनामा राखेको थियो हिजो अदालतबाट सफाई पायो । आज घर गयो ।” म जस्तै यहाँ पुर्पक्षमा बसेका मानिसहरू सफाई पाएर बाहिर गइरहेका छन् । म भने जान पाएको छैन । मेरो मन गोलमाल भयो । फेरि कोठामा आएर केही लेख्न मन लागेन । बाहिर ग्राउण्डमा भलिबल खेल हेरिरहें । ५ बजे समाचार सुनें ।माओवादीले प्रधानमन्त्रीको लागि झलनाथ खनाललाई समर्थन गरेर आफ्नो उम्मेदवार फिर्ता लियो । यसको मतलव झलनाथ खनाल प्रधानमन्त्री हुने पक्का भयो । म बाहिर घुमिरहें । ६.३० बजे खानाखान गएँ । आज भान्सामा गुन्द्रु तरकारी बनाई राखेको छ । साह्रै मिठो लाग्यो । कोठामा आएर टी.भी. हेरें । टी.भी.ले समाचार दियो । आज संसदमा भएको निर्वाचनमा झलनाथ खनालले ३६८ मत, रामचन्द्र पौडेलले १२२ मत, विजय गच्छदारले ६७ मत लियो । नेमकिपा र उपेन्द्र यादवले चुनाव बहिस्कार गरे । आज पनि नौ बजे सुतें ।


## पर्यापर्यटन प्रवर्द्धन गर्ने क्षेत्र भाडामा लिन ईच्छुक व्यक्ति तथा संस्थाहरुवाट

## प्रस्ताव आव्हान सम्वन्धी पुनः प्रकाशित सूचना

कीर्तिपुर नगरपालिका वडा नं. १४, साविक चोभार भूतखेल गा.वि.स. वडा नं. ४(घ) अन्तर्गत पर्ने ईश्वरी राजमार्ग छेउ, ईश्वरी मार्गमा जोडिएको सशस्त्र प्रहरी चेक प्वाईन्टवाट आदीनाथ मन्दिर उक्लने विन्दुको पूर्वी भागमा वाटोको लेभलमा रहेको करीव २ रोपनी जग्गा आदीनाथ एवं जलविनायक सा.व.उ.समूहवाट सामूहिक रुपमा चोभार क्षेत्रको पर्यापर्यटन प्रवर्द्धन गर्न उपयोग गर्ने निर्णय भएको छ । उक्त प्रस्तावित स्थानमा हरियाली निर्माण सहित अस्थायी पूर्वाधारहरु तयार गरी पर्यटक स्तरिय रेष्टुरेन्ट, फेमिली रिसोर्ट, सोभनियर सप वा क्यूरियो पसल संचालन कार्य गर्न ईच्छुक सामाजिक, सामुदायिक वा निजी क्षेत्रको कुनै संस्था वा व्यक्तिहरुवाट कार्यदलवाट पछि फिर्ता नहुने गरी रु १,०००।– मा विक्री गरिने फाराम भरी मिति २०७०/०३/२३ गते भित्र कीर्तिपुर–१४, जलविनायक स्थित प्रगतिशील वचत तथा ऋण सहकारी संस्था लि. मा रहेको संयुक्त कार्यदलको वचत खातामा रु. ५,०००।– नगद धरौटी रकम दाखिला गरेको भौचर/रसीद सहित निम्न विवरण सहित सिलवन्दी प्रस्ताव आव्हान गरिएकोमा प्राप्त प्रस्तावहरु कायम नै राखी आगामी आषाढ ३२ गते कार्यालय समय सम्मको लागि म्याद थप गरिएकोछ । रिट नपुगेका प्रस्ताव अस्विकृत गरिनेछ । प्रस्तावका विषयमा संयुक्त कार्यदलले गरेको निर्णय अन्तिम हुनेछ ।

आवश्यक कागजातः

क) प्रस्तावक प्राकृतिक व्यक्ति भएमा, नेपाली नागरिकताको प्रमाण पत्र, व्यवसायको कार्ययोजना,

ख) प्रस्तावक कानूनी व्यक्ति वा संस्था भएमा, संस्था दर्ताको प्रमाण पत्र, विधान, नियमावली, आन्तरिक राजश्व कार्यालयको दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र, संस्थाको निर्णय, अख्तियारी, अख्तियारी प्राप्त गर्ने व्यक्तिको नागरिकताको प्रमाण पत्र ।

संयुक्त कार्यदल

आदीनाथ तथा जलविनायक सामुदायिक वन उपभोक्ता समूह

जलविनायक सा.व.समूहको कार्यालय, जलविनायक

सम्पर्क ४३३५९२५

पत्रिकाको १ सय औ अंक र उपन्यास विमोचन

कीर्तिपुर सन्देश साप्ताहिकको १०० औ अंक र उपन्यासकार नजरराम महर्जनको नेपाल भाषाको ९ औ उपन्यास जि सतः मखु (म धर्मशाला होइन) गत असार २१ गते एक समारोहका बीच कीर्तिपुरमा विमोचन भयो । सस्कृतिविद् एवम् नेपालभाषा एकेदेमिका चान्सलर सत्यमोहन जोशीले उपन्यास र सङ्घीय समाजवादी पार्टीका महासचिव राजेन्द्र श्रेष्ठले पत्रिका विमोचन गर्नुभयो । उपन्यासकार एवम् कीर्तिपुर साप्ताहिकका प्रकाशक नजरराम महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा कीर्तिपुर सन्देश साप्ताहिकका सम्पादक श्रीकृष्ण महर्जनले स्वागत मन्तव्य राख्नु भएको सो समारोहमा प्रमुख अतिथि संस्कृतिविद् सत्यमोहन जोशीले कुनै पनि साहित्यकारले आफ्नो भावना, अनूभुति प्रस्तुत गर्नका लागि सबैभन्दा राम्रो माध्यम आफ्नो मातृभाषा हुने बताउनु भयो । मातृभाषामा साहित्य सिर्जना गर्नु पर्ने कुरामा जोड दिदै मातृभाषाबाट साहित्य सिर्जना गरेतापनि अन्तर राष्ट्रिय स्तरका विभिन्न पुरस्कार जित्न सक्ने बताउनु भयो । सो कार्यक्रममा अतिथिको आसनबाट सङघीय समाजवादी पार्टीका महासचिव राजेन्द्र श्रेष्ठले अहिलेको अवस्थामा पहिचान, सङ्घीयता र गणतन्त्रका पक्षधरहरु एक भएर अगाडि बढ्नु पर्ने बताउनु भयो । उहाँले सञ्चार क्षेत्रबाट पनि मुलुकको आवश्यकतालाई ध्यानमा राखेर समाचारहरु सम्प्रेषण गर्नु पर्ने र सञ्चार जगत समाजप्रति उत्तरदायी हुनुपर्ने कुरामा जोड दिनु भयो । कार्यक्रममा शिक्षाविद् एवम् साहित्यकार लक्ष्मण राजवंशीले उपन्यासको समीक्षा गर्नुभएको थियो । कार्यक्रममा कीर्तिपुर सन्देश साप्ताहिकका स्तम्भकार, लेखक र विज्ञापनदाताहरुलाई कदरपत्र दिनुका साथै उपन्यास प्रकाशित गर्न आर्थिक सहयोग गर्नु भएको इन्जिनियर दुर्गामान महर्जनलाई सम्मानपत्र प्रदान गरेको थियो ।

कीर्तिपुर सन्देश वाःपौया १०० ल्याः व उपन्यास जि सतः मखु विमोचन

कीर्तिपुर सन्देश साप्ताहिकया सच्छिगु ल्या व उपन्यासकार भाजु नजरराम महर्जनया नेपालभाषाया गुंगुगु उपन्यास जि सतः मखु थौं शुक्रवाः असार २१ गते छगू समारोहया दथुइ विमोचन ज्याझ्वः किपुलिइ जुल । साहित्यकार, पत्रकार नापं स्थानीयवासीतय्गु उपस्थितिइ जूगु उगु ज्याझ्वलय् संस्कृतिविद् नापं नेपालभाषा एकेदमिया चान्सलर सत्यमोहन जोशीं जि सतः मखु उपन्यास व संघीय समाजवादी पार्टीया महासतिव राजेन्द्र श्रेष्ठं कीर्तिपुर सन्देश साप्ताहिक पत्रिका विमोचन यानादीगु खः । उपन्यासकार नापं कीर्तिपुर सन्देश साप्ताहिकाय प्रंकाशक नजरराम महर्जनया सभापतित्वय् जूगु उगु ज्याझ्वलय् कीर्तिपुर सन्देश साप्ताहिकाया सम्पादक श्रीकृष्ण महर्जनं लसकुस न्वचू बियादीगु खः । उगु ज्याझ्वलय् लसकुस न्वचू बिइगु झ्वलय् सम्पादक महर्जनं कीर्तिपुर सन्देश पहिचानया आधारय् संघीयताया निर्तिं पिकया वयाच्वनागु खः धयादिसें उपन्यासकार महर्जनं आः तकया दुने नेपालभाषाया उपन्यास ब्वलय् यानादीगु योगदानयात कया चर्चा यानादिल । मूपाहां संस्कृतिविद सत्यमोहन जोशीं थःगु मांभाषं साहित्य सृजना यायेमाःगु खँय् बः बियादिसें आःया अवस्थाय् थःगु मांभाषं साहित्य सृजना याःसां नं अन्तर्राष्टिय स्तरया सिरपाःत लाइ धयादिल । बांलाःगु साहित्य सृजना यात धाःसा अन्तर्राष्टिय स्तरया सिरपाःया निर्तिं सिफारिस यायेत नेपालभाषा एकेदमि तयार दु धकाः नं धयादिल । वय्कलं थःगु भाषं सृर्जना यायेगु द्कले अःपूगु नापं थःगु अनुभूति न्ह्यब्वये फइगु खँ न्ह्यथसें नेवाःतय्सं थःपिनिगु समाज, संस्कृतिया चित्रण याइगु कथंया मौलिक साहित्य सृजना यायेमाः धकाः बः बियादिल ।

उगु ज्याझ्वलय् पाहां संघीय समाजवादी पार्टी नेपालया महासचिव राजेन्द्र श्रेष्ठं आःया अवस्थाय् पहिचान पक्षधर व पहिचान विपक्षतय्गु दथुइ हे धेधेबल्ला जुयाच्वंगु खँ न्ह्यथसें आःया अवस्थाय् नेवाःत पहिचान, संघीयता, गणतन्त्र व धर्म निरपेक्षताया निर्तिं मंकाः कथं न्ह्याः वनेमाः धयादिल । संचार जगत समाजप्रति उतरदायी जुइमाःगु नापं नेवाः पत्रकारतय्सं नेवाः पहिचान नापं नेवाः स्वायत्त राज्यया निर्तिं च्वसा न्ह्याकेमाः धकाः बः बियादिल । उगु ज्याझ्वलय् शिक्षाविद् नापं नेपालभाषा एकेदमिया भाइस चान्सलर लक्ष्मण राजवंशी महर्जनया जि सतः मखु उपन्यासयात कयाः समिक्षा यानादिल ।

उगु समारोहलय् उपन्यास पिथनेत माःगु कथंया दां ग्वहालि यानादीम्ह ई. दुर्कमान महर्जनयात मूपाहां जोशीं हना पौ लःल्हानादीगु खः । अथे हे कीर्तिपुर सन्देश साप्ताहिक पत्रिकाय् आः तक नियमित रुपं च्वसु च्वयादीपिं नापं स्तम्भकारतय्त कदरपौ तकं लःल्हाःगु खः । भरत महर्जनं न्ह्याकादीगु उगु ज्याझ्वलय् सम्मनित व्यक्तित्व दुर्कमान महर्जन, कवि राजभाई जकःमि, स्तम्भकार शरवकुमार महर्जनपिन्सं नं थःथःगु नुगः खँ प्वंकादीगु खः ।